# विश्वेश्वरप्रसाद कोइरालाको मेरो जीवन कथाका सामाजिक र साहित्यिक विशेषताहरू

डा. उर्मिला शर्मा

नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल
Email : sharma.urmila2018@gmail.com

**सार**

*प्रस्तुत लेख विश्वेश्वरप्रसाद कोइरालाको 'मेरो जीवन कथा' मा अभिव्यक्त सामाजिक र साहित्यिक वैशिष्टचको निरूपणमा केन्द्रित छ। गुणात्मक उपागममा आधारित प्रस्तुत लेखमा विश्लेषणात्मक विधिको प्रयोग गरी विश्वेश्वरप्रसाद कोइरालाको मेरो जीवन कथामा प्रयुक्त सामाजिक र साहित्यिक वैशिष्टचको निर्क्योल गरिएको छ। त्यसैले यसमा उनको मेरो जीवन कथा कृतिलाई प्राथमिक सामग्रीका रूपमा लिई यससँग सम्बन्धित लेख तथा पुस्तकलाई द्वितीयक सामग्रीका रूपमा ग्रहण गरिएको छ। सामग्रीको सङ्कलन पुस्तकालय कार्यबाट गरिएको छ। लेखकको बाल्यकालको आत्मपरक वर्णनमा आधारित यो प्रबन्ध जीवनीका रूपमा लेखिएको छ र लेखन शैली समाख्यानात्मक र वर्णनात्मक रहेको छ। यस रचनाले ऐतिहासिक घटना, पारिवारिक जीवन, राजनीतिक परिवेश र कलात्मक प्रस्तुतिलाई महत्त्व दिएको छ। यस रचनालाई विचारपरक निबन्ध, बाल्यकालीन आत्मकथा र घटनाप्रधान प्रबन्ध पनि मान्न सकिन्छ तापनि यसमा कोइरालाको चिन्तनले महत्त्व पाएको छ। प्रस्तुत अध्ययनबाट विश्वेश्वरप्रसाद कोइरालाको यस कृतिमा उनको विद्रोहात्मक प्रवृत्ति, स्वकर्तव्य, मातृवात्सल्य र पितृभक्ति, अजातशत्रुताको भावना, प्रजातान्त्रिक राजनीतिक चिन्तन जस्ता सामाजिक वैशिष्टचका साथै समाख्यानात्मकता, समालोचकीयता, कुशल औपन्यासिक सङ्गठन र कलात्मक सौन्दर्य जस्ता साहित्यिक वैशिष्टच पाइन्छन् भन्ने निष्कर्ष प्राप्त भएको छ।*

**मुख्य शब्दावली :** अजातशत्रुता, अतिशयोक्तिमूलक, कलात्मक प्रस्तुति, शब्दशक्ति, समाख्यानात्मक।

## विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला प्रजातान्त्रिक समाजवादी राजनेता र साहित्यसाधक तथा बौद्धिक चिन्तकका रूपमा परिचित व्यक्तित्व हुन्। पूर्वीय तथा पाश्चात्य साहित्य र चिन्तनको अध्ययनबाट अनुप्रेरित कोइरालाले नवीन र मौलिक आत्मचिन्तनको विकास गरेका छन्। कोइराला सुरुदेखि नै चिन्तक र स्रष्टाका रूपमा क्रियाशील देखिन्छन्। यिनले साहित्यसिर्जनको प्रारम्भिक कालमै 'जीवनशक्ति' र 'प्रेमको व्यवहार' जस्ता चिन्तनमूलक रचनाको सिर्जना गरेर आफ्नो स्रष्टा र चिन्तनशील व्यक्तित्वको राम्रो परिचय दिएका छन्। 'जीवनशक्ति' रचना डार्विनको विकासवादी जीवन दृष्टिमा आधारित चिन्तनमूलक

निबन्ध हो भने 'प्रेमको व्यवहार' सच्चा प्रेम र मानवीय व्यवहारमा आधारित नवीन चिन्तनमूलक रचना हो । चिन्तक र साहित्यसाधकका रूपमा कोइराला जे हुन् यिनै रचनामा पनि स्पष्ट देखिएका छन् । कोइरालाले मौलिक र मानवीय चिन्तनलाई साहित्यका माध्यमबाट व्यक्त गरेका छन् । कोइरालाले जीवनको उत्तरार्धमा राजनीतिक दस्तावेजको रूपमा *जेलजर्नल* (२०५४), *आत्मवृत्तान्त* (२०५५) र *फेरि सुन्दरीजल* (२०६३) जस्ता दैनिकी र आत्मवृत्तान्तहरू लेखेका छन् । यी कृतिहरूमा पनि उनको साहित्यिक व्यक्तित्व र प्रखर मानवीय चिन्तन समान रूपमा प्रस्तुत भएको छ । यिनको *आफ्नो कथा* (२०४०) साहित्यिक दृष्टिले झनै महत्त्वपूर्ण रचना हो तापनि यस लेखमा अध्ययनका लागि कोइरालाको प्रथम आत्मवृत्तात्मक कृति *'मेरो जीवन कथा'* लाई लिइएको छ । यस कृतिको सामान्य परिचयात्मक अध्ययन भए पनि यसमा अभिव्यक्त सामाजिक र साहित्यिक वैशिष्टचको निरूपण भएको छैन । यसैले कोइरालाको *'मेरा जीवन कथा'* मा केकस्तो सामाजिक र साहित्यिक वैशिष्टच रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा प्रस्तुत लेख केन्द्रित छ ।

## सैद्धान्तिक ढाँचा र विश्लेषण विधि

गुणात्मक उपागममा आधारित प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीयक दुवै किसिमका सामग्रीहरू पुस्तकालय कार्यबाट सङ्कलन गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाको *'मेरो जीवन कथा'* प्रस्तुत अध्ययनको प्राथमिक सामग्री हो भने साहित्यमा प्रयुक्त सामाजिक तथा साहित्यिक वैशिष्टचको निरूपण गरिएका सैद्धान्तिक कृतिहरू द्वितीयक सामग्री हुन् । कृतिको विश्लेषण गर्दा कृतिभित्रका वैचारिक र साहित्यिक विशेषताहरूका आधारमा अवधारणा र तदनुरूपका सूचक निर्धारण गरी उक्त सूचकका आधारमा कृतिको विश्लेषण गरी निष्कर्ष प्रतिपादन गरिएको छ ।

## *मेरो जीवन कथा*मा अभिव्यक्त सामाजिक विशेषताहरू

विश्वेश्वरप्रसाद कोइरालाको *'मेरो जीवन कथा'* सामाजिक वैशिष्टचको अभिव्यक्तिका दृष्टिले उल्लेख्य कृतिका रूपमा देखा परेको छ । यसमा कृतिमा अभिव्यक्त सामाजिक वैशिष्टचहरू यसप्रकार छन् :

### विद्रोहात्मक प्रवृत्ति

मानव चिन्तन र हितविरोधी परम्परागत संस्कार र मान्यताका विरोधी कोइरालाले आफूलाई जन्मावस्थादेखि नै विद्रोही स्वभाव लिएर आएको व्यक्ति ठानेका छन् । यिनको विद्रोहलाई सामाजिक, साहित्यिक, सांस्कृतिक, प्राकृतिक अथवा मानवीय संस्कारप्रतिको विरोधको रूपमा नलिएर नवीन सोच र चिन्तनका रूपमा लिनुपर्ने हुन्छ । यिनी आफ्नो सामाजिक चिन्तनमा, आर्थिक सोचाइमा, साहित्यिक विचारमा, राजनीतिक सङ्घर्ष, मूल्य र मान्यतामा, शैक्षिक र मानवीय संस्कारमा यही विद्रोहात्मक प्रवृत्तिले निर्देशन गरेको विश्वास गर्दछन् । यिनी आमाको प्रसव वेदनालाई आफू जन्मँदा डाक्टरले गरेको शल्यक्रियालाई र तत्कालीन नेपाली संस्कारभित्र आफ्नो जन्मावस्थालाई विद्रोहात्मक प्रवृत्तिको बीजारोपणका रूपमा चित्रण गर्दछन् । यो चित्रण यद्यपि भावनात्मक र अतिशयोक्तिमूलक पनि छ तापनि यसले कोइरालाको नवीन चिन्तन-दृष्टिको ढोका खुला गरेको विश्वास गर्न सकिन्छ । *मेरो जीवन कथा*मा आरम्भमै कोइराला लेख्छन्-

> *"जन्मने घडीमै मैले आफ्नो अड्डीपनको परिचय दिएँ । आउन त आएँ तर खुसी राजीसँग आइन । ममाथि त्यस दिन बल प्रयोग गरेको हुनाले हो कि म जीवनमा आजसम्म विद्रोही रहेँ । मेरो हृदयमा त्यस दिन नै विद्रोहको बीज रोपियो होला" (कोइराला, २०३०, पृ. २३२) ।*

साहित्यसाधक कोइरालाको साहित्यसिर्जन द्वन्द्वको स्थापना तर्कको प्रस्तुति र सरल अभिव्यक्तिका दृष्टिले उदाहरणीय देखिन्छ भने यिनको मौलिक चिन्तनभित्र पनि यी विशेषताहरू अभिव्यक्त छन् ।

## स्वकर्तव्य

कोइराला राष्ट्र, जाति, संस्कृति र कर्तव्यप्रति सचेत व्यक्तित्व हुन् । यिनले व्यक्तिगत र पारिवारिक जीवनमा समेत यस विशेषताको अनुसरण गरेका छन् । यिनी व्यक्तिगत जीवनलाई भन्दा नेपाली समाज र मानवजातिकै हितको निमित्त क्रियाशील व्यक्ति हुन् । नेपाल र नेपालीको उत्थान र भलाइका निमित्त गरिने र भोगिने दुःखकष्टलाई यिनले जीवनउपहारका रूपमा स्वीकारेका छन् । यिनले आफ्नो जीवनलाई मानवजातिको कल्याणको निमित्त समर्पण गर्ने प्रण गरेका छन् । यो सङ्कल्प कोइरालाको बाल्यकालमै प्रकट भएको पाइन्छ । मानवजन्य र जीवनलाई कर्तव्य र सेवाको रूपमा लिन चाहने कोइरालाले *मेरो जीवन कथा*मा यसरी स्वकर्तव्य प्रस्तुत गरेका छन्-

> *"मैले यदि जन्मिएर मानवजातिको कल्याणका लागि केही गर्न सकेँ भने कसैको अनुहारमा नजानिँदो भए तापनि मैले आफ्नो कर्तव्यद्वारा उत्साहको रेखा दौडाउन सकेँ भने डाक्टर्नी आमाको लागि अनन्तसम्म मेरो आत्माको हात आशीर्वाद दिन उठिरहने छ (शर्मा, २०७५, पृ. ६२) ।*

शल्यक्रियाबाट जन्म लिन पुगेका कोइरालाले आफूले कर्तव्य पूरा गर्न सके मात्र आफू जन्मदा मदत गर्ने डाक्टर्नीका प्रति आभार प्रकट गर्न लायक हुने चिन्तन प्रकट गरेका छन् । जीवनको जुनसुकै क्षणमा पनि कोइरालाको चिन्तनले मौलिक उचाइ प्राप्त गरेको देखिन्छ ।

## मातृवात्सल्य र पितृभक्ति

पारिवारिक र सामाजिक क्षेत्रमा कोइरालाको चिन्तनलाई मातृवात्सल्य र पितृभक्तिको अभिव्यक्तिका रूपमा पनि लिन सकिन्छ । सामान्यतः राजनीति र साहित्यसिर्जनका क्षेत्रमा समर्पित व्यक्तिहरूको पारिवारिक र व्यक्तिगत जीवन विसङ्गत नै देखिन्छ तर कोइराला आफूमा भएको सामाजिक र पारिवारिक गुणको अभ्यासले योग्य पिताका सुयोग्य पुत्र बनेका छन् । यिनको मातृवात्सल्य र पितृभक्ति उक्त कृतिमा यसरी व्यक्त भएको छ :

> *"दुब्ली पातली, अलि अग्ली, पहेँली रक्तहीन अनुहार तर त्यस शरीरबाट कहिल्यै पनि मिलन नहुने चन्द्र प्रभाको कोमल धारा कोठालाई उज्यालो पार्दै बगिरहेको थियो । सुन्दरी माता, स्नेहमयी जसले टकटकी लाएर मलाई हेर्न मात्र जानेको थियो । बालिका माताको प्रथम पुत्र म" (कोइराला, २०३०, पृ. २३३) ।*

कोइरालाले आफ्नो घर परिवारलाई सर्वगुण सम्पन्न देखेका छन् । आफ्नो घर परिवारका बारेमा उनले यसप्रकार बताएका छन् :

> *"धनधान्यपूर्ण घर, स्नेहीमयी माता, प्रतिष्ठावान् तेजस्वी पिता, माया गर्ने बन्धुबान्धव, चन्द्रगञ्जमा एउटा बालकलाई चाहिने सबै सामाग्री मौजुद थिए ।"*

यसरी कोइरालाले आफ्नो घर परिवारको बयान गर्दा मातृभक्ति र पितृभक्तिको आदर्श चिन्तनसमेत प्रस्तुत गरेका छन् । यसले संयुक्त परिवारको ढाँचालाई सङ्केत गर्दै छिमेकमा रहेका बन्धुबान्धवसहितको शान्त गाउँ समाजलाई प्रस्तुत गरेको छ ।

## अजातशत्रुताको भावना

कसैलाई शुत्रताको भावनाले नहेर्ने प्रवृत्ति कोइरालाका चिन्तनको महत्त्वपूर्ण विशेषता हो । यिनले यस महामानवीय गुणलाई *शत्रु* नामक कथामा पनि व्यक्त गरेका छन् । दुःख र पीडाको अनुभूतिलाई सहज र कर्तव्यकै रूपमा लिन चाहने कोइराला कष्टका दिनका प्रति कुनै कटुता नभएको अनुभव गर्छन् भने आफूलाई धोका दिने व्यक्तिहरूका प्रति पनि कुनै रिस नभएको चिन्तन व्यक्त गर्दछन् । यिनले उक्त कृतिमा भनेका छन् :

> *"मेरो प्रकृतिमा कुन्नि के एउटा यस्तो तत्त्व छ, जसले दुःखलाई ग्रहण गर्नुपर्दा त्यसको अनुभवलाई कटु हुन दिँदैन । मैले जीवनमा धेरै दुःख र कष्टको अनुभव गरेको छु । धेरै व्यक्तिले मलाई धोका पनि दिएका छन् । मलाई भने न ती कष्टका दिनप्रति कटुता नै छ न ती व्यक्तिहरूका प्रति रिस नै ।"*

दुःखलाई ग्रहण गर्दा त्यसको अनुभव पनि कटु हुन नदिनु मानिसको महानता हो । आफूलाई धोका दिने व्यक्तिहरूप्रति पनि रिस नहुनु सुखदुःखभन्दा माथि उठ्नु हो । यथार्थमा भन्ने हो भने यस खालका विशेष चिन्तनलाई कोइरालाका व्यक्तिगत, सामाजिक, पारिवारिक, राजनीतिक र साहित्यक विचारकै सारका रूपमा लिन सकिन्छ ।

## प्रजातान्त्रिक राजनीतिक चिन्तन

राजनीतिका क्षेत्रमा कोइराला आफूलाई समाजवादी ठान्छन् । राजनीतिक स्वतन्त्रता र आर्थिक समानता प्रजातान्त्रिक समाजवादको सामान्य आशय हो । पैतृक उपहारबाट पाएको यस राजनीतिक संस्कारलाई कोइरालाले जीवनको महत्त्वपूर्ण क्षेत्र स्वीकारेका थिए । कोइरालाको सामाजिक, आर्थिक र राजनीतिक दृष्टिले पनि आदर्श घर-परिवार एकै छिनमा भिक्षुमा परिणत हुने कारण कृष्णप्रसाद कोइरालाले लिएको प्रजातान्त्रिक विचार र आचरण थिए । कोइराला के स्वीकार गर्छन् भने राजनीति र साहित्य मानव जीवनका दुई महत्त्वपूर्ण क्षेत्र हुन् । साहित्यविनाको मानिस भावनात्मक जीवनबाट धेरै टाढा हुन्छ भने राजनीतिविना सामाजिक जीवन जिउन सम्भव छैन । त्यसैले मानिसले संवेदनशीलताको विकासको निमित्त साहित्य र सामाजिक सङ्गठनका निमित्त राजनीतिको अनुशीलन गर्नुपर्छ । यदि पैतृक राजनीतिक

संस्कार कोइरालाको परिवारलाई भौतिक रूपमा करोडपतिबाट कङ्गाल बनाउने जीवन चरित्र थियो । उक्त रचनामा कोइरालाले यस राजनीतिक घटनालाई सङ्क्षेपमा तर मार्मिक ढङ्गले संस्मरण गरेका छन्, जस्तै-

> *"चन्द्रशमशेरको पालामा उनको आज्ञाविना देशका रुखहरूका पातसम्म हल्लिन डर मान्दथे । हामी उनैको कोपभाजन भयौँ । खेदिएर हामी मुग्लान पस्यौँ । महाराज चन्द्रशमशेरको हुकुम थियो कि मेरा पिता कृष्णप्रसाद र उनका परिवारका कोही पनि सदस्य नेपालमा देखा परे भने तुरुन्त थुन्नू ।" ...."२००६ सालमा पनि एक किसिमले त्यस्तै घटना घटेको छ- प्राइम मिनिस्टर मोहनको पालामा मेरो राजनीतिक कार्यवाहीदेखि क्रुद्ध भएर सरकारले मलाई फेला पार्न नसकेकोले मेरो जेठो छोरालाई पक्रेर कागज गराउनू भन्ने आदेश गरेको थियो ।"*

विशेष गरी प्रसवावस्था र पारिवारिक जीवनको बयान गर्ने उद्देश्यले लेखिए पनि यस रचनालाई राजनीतिक दृष्टिले कोइरालाको प्रारम्भिक दस्तावेज पनि मान्न सकिन्छ । यसले कोइरालाको प्रजातान्त्रिक राजनीतिक चिन्तन बुझ्न सुगम तुल्याएको छ । कोइरालाको *मेरो जीवन कथा* रचना राजनीतिक चिन्तन, संस्कार र अभ्यासका माध्यमबाट कोइरालाले हुकुमी शासनको विरोध र प्रजातान्त्रिक राजनीतिक राज्यव्यवस्थाको परिकल्पना गरेको देखिन्छ ।

## *मेरो जीवन कथामा* अभिव्यक्त साहित्यक विशेषताहरू

विश्वेश्वरप्रसाद कोइरालाका अन्य आत्मवृत्तान्तहरू २०१७ सालपछिको राजनीतिक कारावास जीवनमा लेखिएको रचनाहरू हुन् भने *मेरो जीवन कथा* २०११ सालपूर्व लेखिएको रचना हो । मनोवैज्ञानिक कथाका कुशल शिल्पी, विशिष्ट चिन्तक र वैचारिक लेख रचनाका स्रष्टा कोइरालाका निमित्त आत्मवृत्तान्त लेखन खास समस्याको विषय थिएन । यिनले आफ्नो जन्मावस्था, बाल्यकाल र पारिवारिक जीवनलाई केन्द्र बनाएर यस रचनाको सिर्जना गरेका छन् । यिनको जन्मावस्था, बाल्यकाल र पारिवारिक जीवन सामान्य नेपालीको जीवनभन्दा भिन्न थियो, प्रत्येक नेपालीका निमित्त अनुप्रेरक थियो र उदाहरणीय थियो । त्यसैले कोइरालाले *मेरो जीवन कथा* मा आत्मकथाको संस्मरण गरेका छन् । यो रचना चिन्तनका दृष्टिले जति अनुप्रेरक र उदाहरणीय छ त्यति नै साहित्यिक विशेषताका दृष्टिले त्यति नै उदाहरणीय देखिन्छ । यस रचनामा मूलभूत रूपमा निम्नलिखित साहित्यिक विशेषताहरू पाइन्छन् :

## समाख्यानात्मक विशेषता

विश्वेश्वरप्रसाद कोइरालाको *मेरो जीवन कथा*मा उपन्यास, कथा, इतिहास, इतिवृत्त, समालोचना, निबन्ध, संस्मरण साहित्यका तत्त्वहरू पाइन्छन् । उपन्यास र कथा आख्यानात्मक विधा भएकाले उक्त रचनालाई उपन्यासका केही परिच्छेद, इतिवृत्तात्मक कथा, ऐतिहासिक घटनाको आत्मपरक बयान र तर्क विश्लेषण र मूल्याङ्कनका सन्दर्भहरू रहेकाले समालोचनात्मक लेखको रूपमा पनि अध्ययन गर्न सकिन्छ तापनि समाख्यानात्मकता एउटा मूल तत्त्व हो जसले उक्त रचनालाई साहित्यिक रचनाको स्वरूप दिएको छ । यस कृतिमा कोइरालाको इतिहासप्रसिद्ध जन्मावस्था, बाल्यकाल र पारिवारिक जीवनको आत्मपरक बयान गरिएको छ र कचहरी, खाने कुरा, कुकुर, खेल आदिको सान्दर्भिक बयान पनि गरिएको छ । यसरी बयान गर्दा घटनाको पूर्वापर सम्बन्ध, स्थान, काल र कार्यको समायोजन र त्यसको कलात्मक महत्त्वलाई

सोद्देश्यमूलक ढङ्गमा अभिव्यक्त गरिएको छ। उक्त रचनामा आख्यानलाई कलात्मक महत्त्व प्रदान गर्नका निमित्त द्वन्द्व, तर्क, चिन्तन र बौद्धिकताको सापेक्षित प्रयोग पनि गरिएको छ। आत्मपरकता, भावनात्मक र वैचारिक वर्णन, चिन्तन, तर्क र द्वन्द्वको उपस्थापन रहेकाले उक्त रचना यतिवृत्तात्मक निबन्ध तथा प्रबन्धको उदाहरणका रूपमा पनि रहेको देखिन्छ। यसर्थ *मेरो जीवन कथा* रचनाको समाख्यानात्मक विन्यास अर्थात् घटनाको सामाजिकीकरण यसलाई साहित्यिक महत्त्व प्रदान गर्ने उद्देश्यले समायोजन गरिएको छ।

## समालोचकीय विशेषता

आत्मवृत्तान्तकार कोइराला साहित्यिक वैशिष्टचका दृष्टिले स्रष्टाभन्दा बढी द्रष्टा देखिन्छन्। यिनका आत्मवृत्तान्तहरूमा बयान गरिएका विषय र घटनालाई समालोचकीय ढङ्गमा प्रस्तुत गरिएको छ। *मेरो जीवन कथा* रचना पनि यस दृष्टिले उदाहरणीय छ। यस रचनामा उल्लेख गरिएका जन्मावस्था, डाक्टर्नीको व्यवहार, उसको अवस्था, प्रसूतिकक्ष, आफ्नो जन्मस्थान, चन्द्रगञ्ज बजार, कचहरी, व्यापारिक बैठक, घर, तबेला, घोडा, चन्द्रशमशेरको राजनीतिक प्रतिशोध, खाद्य पदार्थ, खेल आदिको बयान गर्दा कोइरालाले समालोचकीय धर्मको यथार्थ निर्वाह गरेका छन्। *मेरो जीवन कथा* रचनामा आफ्नै मुखबाट खाने कुरा र डा. कामिनी भूषणका माध्यमबाट पिताजी कृष्णप्रसाद कोइरालाको व्यक्तित्वको बयान यसरी गरिएको छ- "सुन्यौँ यी हाम्रा मित्रका छोरा हुन्। उनै (कृष्णप्रसाद कोइराला) को प्रेरणा र मदतले हामी यहाँ आयौँ र घरद्वार गर्न सक्यौ।"

> *"म दूध र भुजा खाँदै छु, त्यस्तो मीठो दूध। आजसम्म दूध र भुजा मुछेको मलाई मन पर्दछ। त्यसै दिन यस स्वादको बिउ मेरो ओठमा छरियो। खरदार बाजे (कृष्णप्रसाद कोइराला) जस्तो निर्भिक व्यक्ति मैले देखेको छैन र कति कर्तव्यशील हुनुहुन्छ उहाँ। मलाई गर्व छ कि मेरो जीवनमा उहाँको साहचर्य मलाई प्राप्त भएको छ।"*

अहिले मानिस स्वार्थी र कर्तव्यच्युत बन्दै गएको छ। स्वार्थले अन्धो आजको मान्छे आफैलाई उपकार गर्ने दक्ष व्यक्तिका प्रति पनि निर्लज्ज रूपमा विश्वासघातको अपराध गर्न पछि पर्दैन तर उक्त रचनामा उपकारी व्यक्तिका प्रति र कर्तव्यपरायण व्यक्तिका प्रति गरिएको उच्चभावनात्मक मूल्याङ्कनमा मानवीय आदर्शको समालोचनात्मक अभिव्यक्ति व्यक्त भएको देख्न पाइन्छ। मानवीय आदर्शको यो पक्ष कोइरालाका कुनै पनि साहित्यिक रचनामा आलोचनात्मक रूपमा प्रकट भएको छ। यस रचनामा चनाको बयान गर्दा पनि लेखको समालोचकीय विशेषता अभिव्यक्ति भएको छ। कोइरालाले बाल्यकालमा अर्थात् प्रवास कालमा खाएको चनाको यसरी सम्झना गरेका छन् :

> *"बनारसमा हामीलाई निश्चय नै दुःख थियो। लुकाउनुपर्ने कुरा के ? दुई छाक टार्न धौ धौ पर्थ्यो। कहिले कहिले त उपवास गर्नुपर्थ्यो। चनाभुजाले धेरै छाक टारेको जस्तो मलाई लाग्द छ। चनामा धेरै गुण छन्- सस्तो, कम्ती मात्रामा नै पर्याप्त भोजन पुग्ने र त्यसलाई पानीमा ढड्यायो भने आकारमा वृद्धि हुनासाथै नुन छर्न पाइयो।"*

कोइरालाले आफ्नो जीवन कथा रचनामा कुनै पनि वस्तु र विषयको बयान गर्दा समालोचकीय वर्णनलाई महत्त्व दिएका छन् । यसर्थ समालोचनात्मक गुण उक्त रचनाको साहित्यिक विशेषता पनि हो (शर्मा, २०७५, पृ. ६८) ।

## औपन्यासिक सङ्गठन

उपन्यास आख्यानात्मक रचना हो । कथामा जीवनको एक पक्षको समाख्यानात्मक अभिव्यक्ति हुन्छ भने उपन्यासमा सबै पक्षको अभिव्यक्ति पाइन्छ । उपन्यास सङ्गठनका केही अनिवार्य र केही वैकल्पिक तत्त्वहरू हुन्छन् । आख्यान, पात्र, परिवेश, विचार, उद्देश्य, शैली उपन्यासका अनिवार्य उपकरणहरू हुन् । कथोपकथन, द्वन्द्व जस्ता वैकल्पिक तत्त्वहरू उपन्यासको आख्यान र शैलीभित्र समाहित हुन्छन् । कोइरालाको *मेरो जीवन कथा* मा औपन्यासिक सङ्गठनका सबै तत्त्वहरूको समायोजन देखिन्छ ।

कथाकार कोइराला यथार्थ घटनालाई कल्पनाको उचाइ प्रदान गरी कलात्मक सौन्दर्य सिर्जना गर्न सफल छन् भने यो गुण उक्त रचनाको सङ्गठनमा पनि पाइन्छ । यस रचनाको पहिलो अनुच्छेदमा रचनाकारले आफ्नो जन्मावस्थाको बयान गरेका छन् । प्रसव वेदनाले छट्पटिएको आमाको पीडा र जन्मने बेलाको बालकको अनुभव यथार्थ भए पनि बालक स्वयंले यस्तो अनुभव प्रकट गर्न सक्दैन । स्रष्टाले कल्पनाको सहयोगले आफ्ना अनुभवलाई अभिव्यक्त गर्दछ । उक्त रचनामा कोइराला घटनाको बयान गर्दा पात्र (स्वयं) को चारित्रिक विशेषताको बयान गर्दा, स्थान, समय र कार्यको विवरण दिँदा, विचार र चिन्तनको भावपूर्ण अभिव्यक्ति दिँदा, वस्तु, पदार्थ आदिको वर्णन गर्दा कल्पना-शक्तिको उपयोग गरेका छन् । यिनी उक्त रचनामा आफ्नो जन्मावस्थाको यसरी काल्पनिक वर्णन गर्दछन् :

> *"मृत्यु लोकको द्वारसम्म आएर मानौं म गम्न थालें- जाऊँ कि नजाऊँ ? उता आमा असहनीय वेदनामा छटपटाएर बारम्बार मुर्छित भइरहने । म भने बुज्रुक जस्तो भएर चिउडोमा हात राखेर सोचिरहने जीवनमा हाम फालिहालूँ कि के गरौं ? यौटी डाक्टर्नीले बलजफ्ती मर्त्यलोकको यस घाटमा उतारेर ल्याइन् । सम्भवतः उनले यसो नगरेको भए मेरो अन्तिम हठ नआउने पक्षमै हुने थियो किनभने आफ्नो त्यस बखतको हुती र सामर्थ्यलाई बटुलेर भरसक डाक्टर्नीको प्रयत्नलाई विफल पार्ने यावत् कोसिस मैले गरें, हात फैलाइदिएँ, गोडा पसारिदिएँ अर्थात् म यथासाध्य नआउनलाई अन्तिम घडीसम्म प्रयत्नशील रहें ।"*

यस रचनामा कोइरालाले आफ्नो जन्मावस्था, बाल्यकाल र प्रवासको वर्णनलाई शिल्प सौन्दर्य प्रदान गर्न कल्पना शक्ति, आन्तरिक भावना र कलाकारको सिपको राम्रो प्रयोग गरेका छन् । परिणामस्वरूप यो रचना औपन्यासिक सङ्गठन र प्रस्तुतिको गतिमा गतिशील रहेको देखिन्छ ।

## साहित्यिक सन्दर्भहरूको उल्लेख

विश्वेश्वरप्रसाद कोइराला राजनीतिक र साहित्यिक प्राणी भएकाले यिनका राजनीतिक, सामाजिक वा अन्य बौद्धिक वा चिन्तनमूलक अभिव्यक्तिहरूमा पर्याप्त मात्रामा साहित्यिक सन्दर्भहरूको उल्लेख पाइन्छ । यिनका जीवनीहरू पनि यस विशेषताबाट अलग छैनन् । कोइरालाको पहिलो जीवनीमूलक रचना *मेरो*

*जीवन कथा* मा पनि यस्ता सन्दर्भहरू यत्रतत्र छन् । कोइरालाले यो रचना पाठकहरूमा साहित्यिक प्रभाव दिने उद्देश्यबाट अनुप्रेरित भएर लेखेका छन् । आफ्नो अनुभवलाई काल्पनिक वा स्मृतिका रूपमा स्विकार्दै कोइरालाले उक्त रचनामा लेखेका छन्-

> *"यी सब कुरा मैले सम्झनाको आधारमा लेखेको हुँ । सम्भव छ पछि सुनेको र देखेको कुराको अनुभव मस्तिष्कको तल्लो तहमा जमेर बसेको होला र आज त्यो अनुभव सजग भएर मलाई, मेरा पाठकलाई एक प्रकारले धोखा दिने प्रयत्न गरिरहेको होला । सरासर झुठो कुरा म लेखिरहेको हुँला । म जन्मिएको कोठा अँध्यारो थिएन होला डाक्टर्नीले आधुनिक सिद्धान्तका अनुसार कोठालाई उज्यालो र हावादार राख्न कर लगाएको होलिन् । म रोइरइन हुँला ।"*

कोइरालाले उक्त रचनामा रामचन्द्र अधिकारी नामक आफन्त (भान्दाइ) को बयान गरेका छन् । यिनको बयानमा साहित्यिक सन्दर्भको व्यापक परिचर्चा भएको छ । कोइरालालको परिवारका प्रवासका मित्र अधिकारी साहित्यिक व्यक्ति थिए । साहित्यिक व्यक्तिका निमित्त तर्क, बोधशक्ति र व्याख्याको अनिवार्य आवश्यकता हुन्छ । कुनै समस्या वा घटनाको बारेमा आफ्नो प्रतिक्रिया व्यक्त गर्दा साहित्यकारले त्यसको नवीन व्याख्या, दीर्घकालीन प्रभाव र मानवीय संवेदनशीलतालाई महत्त्व दिनै पर्छ । कोइरालाका आफन्तमा यी साहित्यिक गुणहरू थिए । कोइरालाले आफ्नो रचनालाई साहित्यिक महत्त्व दिने उद्देश्यले यस्ता सन्दर्भहरू उठाएको बुझिन्छ । कोइराला उक्त रचनामा लेख्छन्-

> *"हाम्रो प्रवासको कुटुम्बमा उहाँ हाम्राबीच एउटा साहित्यिक हुनुहुन्थ्यो, आशुकवि पनि । औसर-औसरमा झट्ट कविता बनाएर सुनाउनु हुन्थ्यो । राजनीतिक विषयमा पनि अत्यन्त तर्क गर्न सक्ने । .... तर राजनीति विषयमा पनि उहाँको कवि गुण नै प्रधान रहन्थ्यो अर्थात् उहाँको विचार बाह्य वास्तविकतामा भन्दा आन्तरिक भावनामा आश्रित रहन्थ्यो । कवि गुणको एउटा अर्को अभिव्यक्ति अल्हदपना उहाँमा प्रशस्त थियो" (कोइराला, २०३०, पृ. ४०) ।*

कोइरालाको मेरो जीवन कथा रचना पनि धेरै मात्रामा यथार्थ भन्दा भावनामा आश्रित छ । त्यहाँको घटना यथार्थ भए पनि त्यसको अभिव्यक्तिले भावनात्मक उच्चता प्राप्त गरेको छ । यसले उक्त रचनालाई साहित्यिक महत्त्व दिन आवश्यक आधार प्रस्तुत गरेको छ ।

## कलात्मक प्रस्तुति

साहित्यिक र औपचारिक मात्रा होइन, साहित्यकार कोइरालाको अनौपचारिक अभिव्यक्तिमा पनि कलात्मक गुण पाइन्छ । जुनसुकै सन्दर्भ र जस्तोसुकै अभिव्यक्तिमा पनि सफल कलाकारको प्रस्तुतिमा कलात्मक गुण रहनु अस्वभाविक पनि होइन । सफल कलाकार कुनै वस्तु वा विषयलाई सार्वजनिक अभिव्यक्ति दिँदा कलात्मक विशेषता प्रति अझ बढी सचेत रहन्छ । *मेरो जीवन कथा* रचनालाई साहित्यिक महत्त्व दिन कोइरालाले पर्याप्त मात्रामा कलात्मक गुणको प्रयोग गरेका छन् । यस रचनाको आद्योपान्त प्रस्तुतिमा शब्द चयन, शब्दशक्ति प्रयोग र शब्द विन्यास गर्दा कोइरालाले आलङ्कारिक विशेषता र भावनात्मक प्रस्तुतिलाई महत्त्व दिएका छन् । आत्मपरक शैलीमा लेखिएको प्रस्तुत रचनाले भावनालाई भन्दा विचार, चिन्तनलाई र वर्णनलाई महत्त्व दिएको छ । तापनि समग्र प्रस्तुति आलङ्कारिक र भावनात्मक रूपमा

अगाडि बढेको छ। यस रचनाको पहिलो दोस्रो अनुच्छेदले कोइरालाको जन्मावस्था पूर्वको अनुभव र जन्मावस्थाको बयान गरेको छ। यो बयान तर्क, विश्लेषण र द्वन्द्वमा आधारित छ भने भावनात्मक र अतिशयोक्तिमूलक पनि देखिन्छ। जुन अभिव्यक्ति बढी भावनात्मक हुन्छ त्यसैमा आलङ्कारिकता पाइन्छ र यही शैली कलात्मक मानिन्छ। *मेरो जीवन कथा*का सबै सन्दर्भ, विषय र अनुच्छेदहरू भावनात्मक विचार, वर्णन-कला, आलङ्कारिक प्रस्तुतिमा रचित छन्। यसैले उक्तरचनाको मूल उद्देश्य व्यक्तिगत, पारिवारिक र राजनीतिक रहे पनि यसले साहित्यस्रष्टा कोइरालाको साहित्यशिल्पलाई समेटेको देखिन्छ। कोइरालाको प्रस्तुत रचना व्यक्तिगतभन्दा सामाजिक र सामाजिक भन्दा राष्ट्रिय र मानवीय अनुभूतिलाई समाहित गर्ने उद्देश्यले लेखिएको छ। यस्तो उद्देश्यमूलक लेखनका निमित्त वैचारिक, भावनात्मक र कलात्मक अभिव्यक्तिको आवश्यकता हुन्छ। उक्त रचनाको प्रस्तुतिमा कलात्मक प्रस्तुतिका गुणहरू विद्यमान छन्।

*मेरो जीवन कथा* रचनामा विभिन्न विषय घटना, वस्तु र स्थानको कलात्मक बयान उल्लेखनीय देखिन्छ भने ताजमहल, शाहजहाँको कलाकारिता रचनाको बयान कलात्मक प्रस्तुतिका दृष्टिले अझ उदाहरणीय देखिन्छ। औरङ्गजेवले पिता शाहजहाँलाई जेलमा राखेको समयमा कुनै एक मात्र खाने कुरा माग्न प्रस्ताव गर्दा उनले 'चना' मागेको सन्दर्भलाई उक्त रचनामा यसरी कलात्मक उचाइ प्रदान गरिएको छ-

> *"औरङ्गजेवले आफ्नो पिता शाहजहाँलाई थुनेर राख्दा कष्ट दिने नियतले सोधि पठाए- बुबाले एक प्रकारको अन्न मात्र खान पाउने। तसर्थ कुन अन्न उहाँलाई रुचिकर छ सो भनेको खण्डमा बन्दीगृहमा पुऱ्याउने व्यवस्था हुनेछ.... शाहजहाँ- दुनियाको मालिक, कलाकार शाहजहाँ जसले पृथ्वीमा कालको कपोलमा टल्केको एउटा अश्रुविन्दुलाई स्थापित गर्न सक्यो- ताजमहलको रूपमा- त्यस शाहजहाँले बन्दीग्रहबाट उत्तर पठायो ...चना... त्यही चना आज हामी खाइरहेका छौँ" (कोइराला, २०२९, पृ. २३९-४०)।*

कोइरालाले प्रत्येक विषय र वस्तुको विशेषताको उल्लेख गर्दा कलात्मक प्रस्तुति र साहित्यिक महत्त्वलाई मुख्य आधार स्विकारेका छन्। अभिव्यक्तिलाई कलात्मक उचाइ प्रदान गर्ने सिप कोइरालाको विशेषता हो, सफलता हो।

## निष्कर्ष

बहुमुखी व्यक्तित्वका धनी विश्वेश्वरप्रसाद कोइरालाले राजनीतिक, सामाजिक वा पारिवारिक चिन्तन र अभिव्यक्तिहरूमा पनि साहित्यकारको धर्मलाई उपयुक्त स्थान दिएका छन्। विशेषगरी राजनीतिक र सामाजिक तथा पारिवारिक महत्त्व राख्ने यिनका आत्मवृत्तान्तहरू साहित्यिक दृष्टिले पनि उल्लेखनीय छन्। यिनको पहिलो जीवनवृत्त *मेरो जीवन कथा* रचनामा यिनको जन्मावस्था, बाल्यकाल, परिवारको प्रवासकाल, यिनको बाल्यकालको वासस्थान, चन्द्रगन्ज र घरपरिवारको कलात्मक रोमाञ्चकारी बयान गरिएको छ भने यसमा स्वकर्तव्य, मातृपितृभक्ति, अजातशत्रुताको भावना, प्रजातान्त्रिक राजनीतिक चेतना र मानवीय मूल्यको विमर्श पनि प्रस्तुत गरिएको छ। यस रचनामा मानवीय जीवनचिन्तनलाई मात्र होइन, साहित्यिक वैशिष्ट्यलाई पनि महत्त्व दिएको छ। यो रचना औपन्यासिक घटनाको बयान,

आलोचनात्मक विश्लेषण, साहित्यिक संरचना, साहित्यक सन्दर्भहरूको विवरण र कलात्मक प्रस्तुतिका दृष्टिले अझ महत्त्वपूर्ण छ। यो रचना कोइराला र यिनको परिवारको जीवन कथासँग सम्बद्ध रहे पनि यसले राष्ट्रिय र मानवीय मूल्य कायम गरेको छ। यस रचनाको अनुप्रेरणा लिएर प्रत्येक नेपालीले राजनीतिक, वैचारिक, सामाजिक र साहित्यिक मर्मबोध गरी कर्तव्यको पाठ सिक्न सक्छन्। यसर्थ कोइरालाको प्रारम्भिक जीवन वृत्त *मेरो जीवन कथा* रचना मानवीय विचार र साहित्यक वैशिष्टचको समन्वयका दृष्टिले सफल र उदाहरणीय रहेको निष्कर्ष प्राप्त भएको छ।

## सन्दर्भ सामग्रीसूची


कोइराला, विश्वेश्वरप्रसाद (२०३०), 'मेरो जीवन कथा', *सयपत्री,* काठमाडौँ : साझा प्रकाशन।

नेहरू, जवाहरलाल (सन् १९६६), *मेरो कथा,* काठमाडौँ : नेपाल भारत सांस्कृतिक केन्द्र।

पराजुली, हरिप्रसाद (२०४५), *कथाकार विश्वेश्वरप्रसाद कोइराला : विश्लेषण र मूल्याङ्कन,* विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय।

प्रधान, भिक्टर (२०४४), *नेपाली जीवनी तथा आत्मकथाको सैद्धान्तिक र ऐतिहासिक विवेचना,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।

शर्मा, उर्मिला (२०६१), *विश्वेश्वरप्रसाद कोइरालाका आत्मवृत्तान्तहरूको कृतिपरक अध्ययन,* स्नातकोत्तर स्तरीय शोधपत्र, त्रिभुवन विश्वविद्यालय।

शर्मा, उर्मिला (२०७५), *विश्वेश्वरप्रसाद कोइरालाका आत्मवृत्तान्त परिचय र समीक्षा,* काठमाडौँ : बीपी कोइराला स्मृति ट्रष्ट।

शर्मा, हरिप्रसाद (२०५०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा,* काठमाडौँ : साझा प्रकाशन।

शर्मा, हरिप्रसाद (२०५९), *कथाको सिद्धान्त र विवेचन,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान।